**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २८ अप्रेल २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

**१.** कलकत्ता उच्च न्यायलयले पश्चिम बंगालमा प्राथमिक शिक्षक भर्ती घोटालाको अघिल्लो सुनुवाइ ७ मईमा गर्ने तय गरेको छ।

**२.** पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जीले आज कोलकाताको दिघामा नवनिर्मित जगन्नाथ मन्दिरको परिदर्शन गर्नुभयो। यस मन्दिरको उद्घाटन 1 मईमा हुनेछ।

**३.** विपक्षी नेता शुभेन्दु अधिकारीले मुर्शिदाबाद हिंसाअवधि क्षतिग्रस्त हिन्दू मन्दिरहरूको पुनर्निर्माण र जीर्णोद्धार प्रक्रिया सुरु गर्न आह्वान गर्नु भएको छ।

**४.** खरसाङ खण्ड पञ्चायत समितिद्वारा तीनधारेमा नव निर्मित हर्नबील पार्क र स्काई टावरको उदघाटन गरिएको छ।

**५.** पहलगाम आतंकवादी हमलालाई लिएर भ्रामक सूचना फैलाएकोमा भारतले 16 वटा पाकिस्तानी युट्युब च्यानलहरूमाथि प्रतिबन्ध लगाएको छ।

**कलकत्ता हाइकोर्ट**

कलकत्ता हाईकोर्टले हालै भएको एक विरोध प्रदर्शन अवधि न्यायपालिका र न्यायाधीशप्रति गरिएको अपमानजनक टिप्पणीमाथि कड़ा कदम उठाएको छ। आज मुख्य न्यायाधीश टी.एस. शिवगणनम र न्यायमूर्ति चैताली चट्टोपाध्यायको डिबिजन बेञ्चले अदालतको अवमानना मामिला दर्ता गर्ने अनुमति दिनका साथै दोषीहरूको पहिचान गर्ने निर्देश पनि पुलिसलाई दिएको छ।

एक रिपोर्ट...

घटना गत शुक्रवारको भएको होए जब उच्च प्राथमिक शिक्षकहरूको भर्तीलाई लिएर केही उम्मेद्वारहरूले हाइकोर्टका वरिष्ठ अधिवक्ता विकास रञ्जन भट्टचार्यको च्याम्बर बाहिर विरोध प्रदर्शन गरेका थिए। यसै अवधि न्यायमूर्ति विश्वजीत बसुविरूद्ध आपत्तिजनक नाराबाजी अनि टिप्पणी गरिएको थियो। यस घटनापछि बार एसोसिएशनका केही वकिहरूले अदालतको ध्यान आकर्षण गराउँदै अवमाननाको कारबाही गर्ने माग गरेका थिए।आज भएको सुनवाईमा मुख्य न्यायाधीशले कड़ा टिप्पणी गर्दै भन्नुभयोए ष्यायालय र न्यायाधीशहरूविरूद्ध यसप्रकारको व्यवहार कुनै पनि अवस्थामा स्वीकार्य छैन। यदि कुनै निर्णयमा असहमति छ भनेए सुप्रिम कोर्टमा अपील गर्नुपर्छए र यसरी सडकमा विरोध प्रदर्शन गरेर न्यायपालिकाको अपमान गर्नु हुँदैन। यस कार्यमा संलग्न सबैको पहिचान हुनुपर्छ।"याचिकाकर्ता वकिलहरूले यस विरोध प्रदर्शनको कारणले अदालत परिसरका केही वकिलहरू भयभित बनेको बताए। उनीहरूले त्यहाँ धारा १४४ लागू भएको भए पनि भीड़ एकत्र भएको र पुलिस मुकदर्शक बनेको आरोप लगाए।

**मुख्यमन्त्री दीघा**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यानर्जी आज कोलकाताको दिघामा नवनिर्मित जगन्नाथ मन्दिर पुग्नु भयो। मन्दिर परिसरको निरीक्षण गर्दै उहाँले यस पवित्र स्थानमा आध्यात्मिकता र सौहार्दको अद्भुत संगम रहेको बताउनुभयो। मुख्यमन्त्रीले मन्दिरको वास्तुकलाको प्रशंसा गर्नुभयो अनि यसले दिघामा पर्यटनलाई अझ बढावा दिने आशा व्यक्त गर्नुभयो।मुख्यमन्त्रीसँग राज्यका मन्त्रीहरू अरुप विश्वास, चन्द्रिमा भट्टाचार्य र राज्य पुलिस महानिदेशक राजीव कुमार पनि उपस्थित हुनुन्थ्यो। मुख्यमन्त्रीले मन्दिरका पुजारीहरूसँग अन्तरक्रिया गर्नका साथै पूजाको तयारीको समीक्षा गर्नुभयो। मुख्यमन्त्री आज हावडाको डूमुरजला हेलिप्याडबाट हेलिकप्टरबाट दिघाका लागि प्रस्थान गर्नुभएको थियो।मुख्यमन्त्रीले भन्नुभयो- समुद्र किनारमा अवस्थित यो जगन्नाथ मन्दिर दिघामा नयाँ तीर्थस्थल बन्नेछ, जसले यहाँ आउने पर्यटकहरूको संख्यामा वृद्धि हुनेछ। जानकारी अनुसार अक्षय तृतीयाको शुभ अवसरमा बुधबार जगन्नाथ मन्दिरमा देवताहरूको प्राणप्रतिष्ठाको आयोजमा हुनेछ। यसअघि भोलि विशेष होम

यज्ञको आयोजना गरिनेछ। यस धार्मिक कार्यक्रममा भाग लिन मुख्यमन्त्री आज दिघा पुग्नु भएको हो। मन्दिर सूत्र अनुसार उद्घाटन अघि नै धेरै धार्मिक अनुष्ठानहरू सुरु भइसकेका छन्। उद्घाटन समारोहलाई ध्यानमा राख्दै मन्दिर परिसरमा कडा सुरक्षा व्यवस्था मिलाइएको छ। पुलिस सूत्र अनुसार लगभग ८०० पुलिसकर्मी तैनाथ गरिएको छ र नजिकैका जिल्लाहरूबाट पनि थप बल बोलाइएको छ।मुख्यमन्त्री ममता ब्यानर्जीको यो भ्रमणसँगै दीघामा भक्तिमय वातावरण सिर्जना भएको छ र सम्पूर्ण राज्यको नजर अब बुधबार हुने प्राणप्रतिष्ठा कार्यक्रममा केन्द्रित छ।

## शुभेन्दु अधिकारी

विपक्षी नेता शुभेन्दु अधिकारीले अप्रेल महिनाको सुरुमा मुर्शिदाबाद जिल्लामा भएको हिंसाअवधि क्षतिग्रस्त भएको हिन्दू मन्दिरहरूको पुनर्निर्माण र जीर्णोद्धार प्रक्रिया सुरु गर्न आह्वान गर्नु भएको छ। अधिकारीले आज आफ्नो सोशल मिडिया प्लेटफर्म एक्स ह्यान्डलमा लेख्नु भएको छ कि- जिहादीहरूको जघन्य र बर्बर आक्रमणका कारण यी मन्दिरहरूमा क्षति पुगेको छ। तिनीहरूको 'शुद्धीकरण' र जिर्णोद्धारको प्रक्रिया सबै परम्परागत धार्मिक अनुष्ठानहरूको विधिवत पालन गर्दै गरिनेछ। सत्तारुढ दलको निन्दा गर्दै उहाँले मन्दिर मर्मतका लागि ममता ब्यानर्जी सरकारबाट कुनै पनि आर्थिक सहयोग स्वीकार नगरिने अनि सबै खर्च हिन्दूहरूले मात्र बेहोर्ने बताउनुभयो।उल्लेखनीय छ वक्फ ऐनको विरोधमा 8 अप्रेलमा मुर्शिदाबादमा भएको हिंसामा तीन जनाको मृत्यु भएको थियो। प्रदर्शनकारीहरूले धेरै वाहनहरूमा आगजनी गरेका थिए। यसमा पुलिसका गाडीहरू पनि समावेश थिए। प्रदर्शनकारीहरूसँगको झडपमा धेरै पुलिसकर्मी घाइते भएका थिए।

## खरसाङ हर्नबिल पार्क र स्काइ टावर

खरसाङ खण्ड पञ्चायत समितिद्वारा तीनधारेको दुई नम्बर बस्तीमा आज नव निर्मित हर्नबील पार्क र स्काई टावरको उदघाटन गरिएको छ। तीनधारेको महानदी समष्टि दुईको दुई नम्बर बस्तीमा अवस्थित फूलबारी पार्कमा नवनिर्मित हर्नबील पार्क र स्काई टावरको उदघाटन जीटीएका प्रमुख कार्यपाल अनित थापाको विशेष उपस्थितिमा भएको हो। उक्त उदघाटन कार्यक्रमको अध्यक्षता खरसाङ पञ्चायत समितिकी सभापति अनु छेत्री प्रधानले गर्नु भएको थियो । कर्माध्यक्ष भक्तिमान तामाङले सञ्चालन गरेको कार्यक्रममा स्वागत सम्भाषण पञ्चायत समिति सदस्य मौसम तामाङले राख्नु भएको थियो। उक्त हर्नबील पार्क र स्काई टावरको उदघाटन कार्यक्रममा खरसाङ खण्ड पञ्चायत समितिको तर्फबाट जीटएका प्रमुख कार्यपाल अनित थापालाई सम्मान जनाइयो। उक्त हर्नबील पार्क र स्काई टावरको शिलान्यास गत वर्ष गरिएको थियो भने हर्नबील पार्क 2023-24 को फिफ्टिन फाईनेसमार्फत् निर्माण गरिएको अनि स्काई टावर राज्य अनुदानमा निर्माण गरिएको हो। यस उदघाटन कार्यक्रमलाई जीटीए प्रमुख कार्यपाल अनित थापा, खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्ती, तीनधारे महानदी समष्टिका सभासद नवराज छेत्रीले पनि सम्बोधन गरेका थिए।

## गोर्खा भूतपूर्व सैनिक संगठन मिरिक

गोर्खा भूतपूर्व सैनिक संगठन मिरिक अन्चलको 38 औं स्थपना दिवस अनि बार्षिक सभा आज संगठनको निजी भवनमा सम्पन्न भयो। संगठनका अध्यक्ष अवकाशप्राप्त अनेरी कप्तान मिलन चोम्बाङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव प्रदीप गुरूङले सचिवले बार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो भने कोषाध्यक्ष अनिल गुरूङले आय-व्ययको रिपोर्ट पेश गर्नुभयो। कार्यक्रममा अस्सी वर्ष उमेर पुगेकाहरूलाई सम्मान गरियो भने नयाँ सदस्य अनि अग्निविर ट्रेनिङ गराउने शिक्षकहरुलाई पनि सम्मान जनाइयो ।

## टिस्टा ब्रिज

गाजोलडोबा टिस्टा ब्रिजको जीर्णोद्धार कार्य हिजोदेखि शुरू भएको छ। राज्यमन्त्री बुलु चिक बडाइक, गाजोलडोबा विकास प्राधिकरणका उपाध्यक्ष तथा राजगञ्जका विधायक खगेश्वर राय अनि जिल्ला परिषद सदस्य महुआ गोपसहित अन्यले जीर्णोद्धार कार्यको आधारशिला राख्नुभयो। स्मरण रहोस्, गाजोलडोबा टिस्टा ब्यारेज पुल लामो समयदेखि जीर्ण अवस्थामा छ। यसै कारण

टिस्टा ब्यारेज पुल नवीनीकरणको कार्यको शिलान्यास शुरू गरिएको हो। यो नवीनीकरणको कार्य चार महिनासम्म जारी रहनेछ। यसअवधि टिस्टा ब्यारेज पुलदेखि साना-ठूला सबै वाहनहरूको आवागमन बन्द रहनेछ।

## मिरिक युथ प्रोग्राम

मिरिकमा नेशनल एक्सपोजर युथ प्रोग्राम शुरू भएको छ। उक्त कार्यक्रम आगामी ३० अप्रेलसम्म जारी रहनेछ। मेघालय सरकारकोडाइरेक्टोरेट अफ स्पोटर्स एन्ड युथ अफियर्सको आयोजना अनि मिरिक टाउन कम्युनिटी वेलफेयर सोसाइटीको सहयोगमा भइरहेको यस कार्यक्रममा मेघालयबाट आएका ४२ सदस्य टोलीले यहाँका युवाहरूसित सांस्कृतिक पक्षको आदन-प्रदान गर्नेछ। कार्यक्रममा मिरिक डिग्री कलेजका विद्यार्थीहरुले भाग लिए। यसैबिचए कार्यक्रम अवधिभरि पाहुना टोलीलाई यहाँको खानपानए रहनसहन आदिबारे जानकारी गराइने बताइएको छ।मेघायल टोलीले कार्यक्रममा त्यहाँका रैथाने नृत्यए गीत आदि प्रस्तुत गरे भने यता मिरिक कलेजका विद्यार्थीहरुले गोर्खा संस्कृति झल्काउने प्रस्तुतिहरु दिए। कार्यक्रमपछि मिडियासितको अन्तर्क्रियामा भाग लिँदै नेहरु युवा केन्द्र दार्जीलिङका ब्लक प्रोग्राम को-अर्डिनेटर अनमोल गुरुङले कार्यक्रम श्छिमेकीलाई चिनौश योजना अन्तर्गत सम्पन्न भएको बताउनु भयो। कार्यक्रमको रुपरेखाबारे बोल्दै पाहुना टोलीलाई यहाँको प्रसिद्ध पर्यटकीय स्थलहरूको भ्रमणसितै स्थानीयहरूसित साक्षरता गराइने उहाँले बताउनुभयो। मेघालय टोलीलाई प्रतिनिधित्व गरी मिरिक आएकी बेलटिस एम साङमाले मिरिकमा गोर्खा संस्कृति बुझ्ने अवसर प्राप्त भइरहेको बताउनुभयो।

## पाकिस्तानी यूट्यूब चैनल प्रतिबंध

पहलगाम आतंकवादी हमलालाई लिएर गलत सूचना फैलाएकोमा भारतले डन न्यूज, समा टिभी, आर्य न्यूज र जियो न्यूज सहित 16 वटा पाकिस्तानी युट्युब च्यानलहरूमाथि प्रतिबन्ध लगाएको छ। यी युट्युब च्यानलहरूलाई सेना र सुरक्षा एजेन्सीहरू विरुद्ध भड्काउने र साम्प्रदायिक रूपमा संवेदनशील सामग्री, झुठो र भ्रामक बयान फैलाएको आरोपमा प्रतिबन्ध लगाइएको हो। प्रतिबन्धित च्यानलहरूका 6 करोड 30 लाखभन्दा अधिक दर्शकहरू छन्।

****** ० ******